# तपाई चैत्र २९ गते शुक्रबार के गर्दै हुनुहुन्छ, आउनुहोस्

मन्थली नगरपालिकाको कार्यालयद्वारा नगरभित्र चालु आ.ब.२०८१/०८२ को चैत्र २० गते सम्म संचालित समग्र विकास निर्माण र सेवा प्रवाहको प्रभावकारीता विषयमा हुने **“ सार्वजनिक सुनुवाइ”** कार्यक्रममा जिम्मेवार अधिकारीसँग हाकाहाकी प्रश्न/बहस गरौं।

तपाईको प्रश्न, गुनासा, जिज्ञासा वा सुझाव भएमा हाकाहाकी राख्ने र जिम्मेवार जवाफदेही वक्ताबाट जवाफ पाईने भएकाले सवाल जवाफ कायक्रममा सहभागीता सुनिश्चित गरौं।

साथै **जन-स्वास्थ्य, कृषि र पशु सेवासँग सम्बन्धित सेवाहरु** त्यहींबाट प्रदान गरिने **एकिकृत घुम्ती सेवा शिविर** समेत आयोजना गरिएकाले सेवा लिन आउन समेत सर्वसाधारणका लागि अनुरोध गरिन्छ।

**कार्यक्रम हुने मिति :** २०८१ चैत्र २९ गते शुक्रबार

**एकीकृत घुम्ती शिविर:** विहान १०:३० वजेबाट

**सार्वजनिक सुनुवाइ कार्यक्रम:** ११:४५ वजेबाट

**स्थान:** ३ नं वडा कार्यालय कठजोरको प्राङ्गण।

कार्यक्रम सहजीकरण गर्ने संस्था: हजुरको रेडियो रामेछाप।

**जवाफदेही तथा आयोजक:** मन्थली नगरपालिकाको कार्यालय।

## एकीकृत घुम्ती सेवा शिविरमा प्रदान गरिने सेवाहरु:

**(क) जनस्वास्थ्य परिक्षण सेवा:**

विरामीको स्वास्थ्य परिक्षण सेवा, प्रयोगशाला सेवा (रगत, खकार, पिसाब परिक्षण), महिलाहरुको आङ खस्ने, यौन अंग चिलाउने, सेतोपानी वग्ने समस्याको उपचार र अपरेशनको लागि स्क्रिनिङ गर्ने, निशुल्क औषधि वितरण, स्वास्थ्य शिक्षा तथा परामर्श, आँखा सेवा, दन्त सेवा।

**(ख) कृषि सेवा:**

तरकारी बीउ किट विवरण, बाली उपचार एवं प्राविधिक परामर्श सेवा (विरुवाको नमुना अनिवार्य), किसान सूचिकरण सेवा (नेपाली नागरिकताको प्रमाण पत्र अनिवार्य )।

**(ग) पशु सेवा :**

पशुपन्छी उपचार सेवा, भित्री तथा वाहिरी परजिवी नियन्त्रण सेवा, पशु वन्ध्याकरण सेवा, घरपालुवा कुकुर विरालो निशुल्क रेविज विरुद्धको खोप सेवा, गाई, भैसी र बाख्रामा कृतिम गर्भाधान सेवा एवं प्राविधिक परामर्श सेवा।

**छुट्ला है !        सहभागी बनौ-सेवा लिऔं- जिज्ञासा र गुनासो राखौं- जवाफदेही बक्ताबाट कुरा सुनौं।**